लेखापरीक्षण प्रतिवेदन

पैयूं गाउँपालिका, पर्बत

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पैयूं गाउँपालिका, पर्बत

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/293

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
पैयूँ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
हुवास पर्वत।

कैफियत सहितको राय

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ४० लाख ८१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १४ लाख ५ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ७ लाख २९ हजार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. ४० लाख र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २ करोड १० लाख ४७ हजार समेत रु. ११ करोड १२ लाख ६२ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको रु. ९३ करोड ४९ लाख ८६ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड १४ लाख ८७ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. १ करोड ८५ हजारको प्रतिक्रिया उपर कारबाही भई प्रतिकृयाबाट थप रु. १८ हजार समेत बाँकी बेरुजु रु. १ करोड १४ लाख १९ हजार मध्ये असुल गर्नुपर्ने रू. ११ लाख ७९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १४ लाख ८६ हजार र नियमित गर्नुपर्ने रु. ८७ लाख ५४ हजार रहेको छ । गत वर्षसम्म रु. ७ करोड ८२ लाख ४१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ८ करोड ९६ लाख ६० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय

विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५३	२५	२,१४,८६,५८८	०	६	१,००,८५,३८१	१८,१०८	५३	१९	१,१४,१९,३१६	११,७९,३९३	८७,५४,१८०	१४,८५,७४३	०	०	१,०२,३९,९२३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्वत	७,८२,४१,०००	0	०	७,८२,४१,०००	०	१,१४,१९,३१६	८,९६,६०,३१६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा नं.	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	५९	रित पुर्वकको कर विजकः	२,१६,८१५
२	२०८०/८१	५४	बहाल करः	७,२००
३	२०८०/८१	५७	डण्डीको बढी भुक्तानीः	१,८५,३२८
४	२०८०/८१	४०	जिन्सी दाखिला :	८८,१६८
५	२०८०/८१	६०.७ र ६०.८	१० शैया अस्पताल भवन निर्माणः	९५,८७,८७०
जम्मा				१,००,८५,३८१

(८०४४२५०२३०० - पैयूं गाउँपालिका, पर्वत)

परिचय

१ **परिचय**

क) कार्यालय परिचयः- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन मार्फत नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेको छ ।

ख) लेखापरीक्षणको उद्देश्यः- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

ग) लेखापरीक्षणको क्षेत्र र अवधिः- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१८ देखि २०८१।०५।२१ सम्म रहेको छ।

घ) लेखापरीक्षण विधिः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

ङ) लेखापरीक्षणको सीमाः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

च) आर्थिक कारोबारको स्थितिः- पालिकाको आय – व्ययतर्फ रु. ९३४९८६०००।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरुः- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

ज) लेखापरीक्षणको क्रममा असुलीः- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४०६१४६।०० असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ।

सि.नं.	विवरण	रकम रु.
१	दहत्तर बहत्तर शुल्क	२५४०००
२	पारिश्रमिक कर	६००७१
३	बेदर्तावालाको मू.अ. कर दाखिला	९२०७५
	जम्मा	४०६१४६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले सम्पूर्ण आर्थिक कारोवारको लेखा राख्दा सुत्र प्रणालीबाट गर्नुपर्दछ। सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण, स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ४० लाख ८१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १४ लाख ५ हजार, गरीवसँग विश्वेश्वर कार्यक्रमको रु. ७ लाख २९ हजार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. ४० लाख र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २ करोड १० लाख ४७ हजार समेत गरी जम्मा रु. ११ करोड १२ लाख ६२ हजार सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

३ **खाता शुन्य नबनाएकोः**

खाता शुन्य नबनाएकोः मुल संचितकोषबाट निकासा गरेको रकम मध्ये चालु खर्च खाता, पूँजिगत खर्च खाता र गाउँपालिकाले आम्दानी गरेको राजश्व खाता आर्थिक वर्षको अन्त्यमा पुनः मुल संचित कोषमा जम्मा गरी खाताहरु शुन्य बनाउनु पर्नेमा निम्नानुसार रकम बाँकी देखिएको छ । उक्त रकम गोस्वारा भौचर उठाई फिर्ता खर्च लेखि खाता शुन्य बनाउनु पर्नेमा सो समेत गराएको देखिएन । यस बाट पालिकाको संचित कोषको हिसाबले यथार्थ चित्रणमा असर गरेको छ।

सि.नं.	खाताको नाम	बाँकी रहेको रकम
१	विभाज्य कोष खाता	३४६०७६.४०
२	चालु खर्च खाता	१८४१३९.००
३	पुँजिगत खर्च खाता	-६९०४.००

४ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा ४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।०८ मा रु. ४१ करोड ७२ लाख ८२ हजारको बजेट सभासमक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।०८ मा पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

६ योजना तथा बजेट कार्यान्वयनः

यस वर्ष पालिकाको योजना तथा बजेट कार्यान्वयन सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्।

६.१ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार भएकोमा आगामी वर्ष देखि कार्यान्वियनमा जाने जानकारी प्राप्त भएको छ।

६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत हिउँदे सभाको निर्णयबाट रु. २ करोड ०४ लाख ५८ हजार ६०० रकमान्तर गरेको छ। उक्त रकम बजेटको तुलनामा ४.९ प्रतिशत हुन्छ। सुरु बजेटको योजना संसोधन तथा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिँदैन। तसर्थ गाउँपालिकाले यथार्थपरक बजेट तर्जुमा गरी कार्यान्वियन बनाउने तर्फ ध्यान दिनुपर्दछ।

७ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पूर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत बढाउनुपर्ने देखिन्छ।

क्र.सं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	२१६११७२५.००	१७७४२९२१.००	८२.१०
२	सामाजिकविकास	२३८२०५४२५.००	२०९९५३२४०.००	८८.२२
३	पूर्वाधारविकास	८४१०१३००.००	५९०४६८५६.००	७०.२१
४	सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र	५६८००००.००	५००४९५३.००	८८.१२
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	६८४२४९७५.००	६३०२९७४०.००	९२.१२
कुल जम्मा		४१८०२३४२५.००	३५४७७७७१०.००	८४.९१

८ बजेट तथा कार्यक्रम तर्जुमाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ योजनाको प्राथमिकीकरणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ३४२ आयोजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	योजना विवरण	योजना संख्या	रकम रु.
१	रु. १ लाखभन्दा कमका	१३१	६९१७३०५
२	रु. १ लाख एकदेखि पाँच लाख सम्मका	१७४	३३०१५३९५
३	रु. ५ लाखदेखि १० लाख सम्मका	२१	१५१२८७२५
४	रु. १0 लाख एकदेखि ५० लाख सम्मका	१४	४११०००००
५	रु. ५० लाख भन्दा माथिका	४	३४००००००
	जम्मा	३४२	१३०१६१४२५

उपर्युक्त विवरण अनुसार पालिकाले धेरै साना आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित आयोजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले आयोजना प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

१० **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनुवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन बापत खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन।

• पालिकाले विभिन्न वडाबाट सेवाग्राहीहरुलाई सभाले तोके बमोजिमको शुल्क तथा दस्तुर लिई सेवा प्रदान गर्नुपर्दछ । पालिकाले वडाबाट प्राप्त सिफारिस दस्तुर बैंक दाखिला गर्ने गरेतापनि वडाबाट भएको चलानी बमोजिमको सिफारिस र राजस्व असुली बीच भिडान भएको पाइएन । सिफारिस बमोजिम शुल्क असुली यकिन गरी वडाको चलानी र सुत्रप्रणालीबाट असुली रसिद बीच भिडान हुनुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• सम्झौता बेगर विभिन्न क्यालेण्डर छपाई र सूचना प्रकाशन, संघ, संगठनको नाउँबाट सन्दर्भ प्रकाशन, जनचेतनामूलक सन्देश, शुभकामना लगायतका प्रकाशन सामग्री पूर्वस्वीकृति वेगर छपाउने र भुक्तानीको मागका आधारमा भुक्तानी गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन गरेको देखिने अभिलेख समेत राखेको छैन।

• पालिकाले कन्टीन्जेन्सी खर्चको व्यवस्थित र अद्यावधिक अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

११ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ । पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गर्नुपर्नेमा सो नगरी टुक्रा खरिद गरेको पाइयो । पालिकाले आ.व. २०८०।८१ मा पालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाको लागि भनी पटक पटक गरी कम्प्युटर तथा प्रिन्टर लगायत विद्युतीय सामग्रीहरु विभिन्न आपूर्तिकर्ताहरुबाट सोझै खरिद गर्दा रु. १५,०१,१२८।९४ खर्च गरेको पाइयो । यसरी खरिद गर्नुअघि माग र आवश्यकताको विश्लेषण गरी खरिद योजना समेत तयार गरिएको छैन । जसले गर्दा खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन गएको छ । साथै खरिदको लागत समेत बढेको छ । केही उदाहरणहरु तपशिल बमोजिम छन्।

खरिद गर्ने इकाइ	कम्प्युटर लगायत विद्युतीय सामग्री खरिदमा खर्च रु.	कैफियत
गाउँपालिका कार्यालय	११,०१,२२७।०४	पटक पटक गरी खरिद
वडा नं. १	२,८६,७१५।३४	पटक पटक गरी खरिद
वडा नं. ५	७७,७८७।५६	पटक पटक गरी खरिद
वडा नं. ६	३५,३९९।००	पटक पटक गरी खरिद
जम्मा खरिद खर्च रु.	**१५,०१,१२८।९४**	**१० लाख भन्दा बढी शिलबन्दी खरिद गर्नुपर्ने**

तसर्थ पालिकाले आगामी दिनमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्थालाई पालना गर्दै माग र आवश्यकताको विश्लेषण गरी वार्षिक खरिद योजनाको आधारमा प्रतिस्पर्धी, पारदर्शी तथा मितव्ययी तवरले खरिद कार्य गर्नुपर्दछ ।

१२ **सम्पत्ति हस्तान्तरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

१३ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । जिन्सी निरीक्षण गराएको र जिन्सी निरीक्षण प्रतिवेदन तयार गरिएको भएतापनि प्रतिवेदनको कार्यान्वियन भएको देखिएन । जिन्सी निरीक्षण प्रतिवेदनको सुझावको आधारमा नियमावलीको व्यवस्था बमोजिम मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ ।

१४ **सहकारी संस्थाको नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले

उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३६ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१५ **निर्माण सामग्री मौज्दातः**

सार्वजनिक खरिद नियमावली २०६४ अनुसार वस्तु खरिद गर्दा आवश्यकता पहिचान गरेर मात्र खरिद गर्नुपर्नेमा पालिकाले आवश्यकता पहिचान र विश्लेषण बेगर बजेटमा रकम विनियोजन गरी आर्थिक वर्षको अन्त्यमा निम्नानुसार तारजाली तथा पाइप खरिद भएको पाइयो । आर्थिक वर्षको अन्त्यमा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

क्र.सं.	आपूर्तिकर्ताको नाम	सामग्रीको विवरण	परिमाण	भुक्तानी रु.
१	बेलोर तारजाली एण्ड हार्डवेयर सप्लायर्स	२×२×१ ग्याबिन बक्स	९० थान	९३५२१०
		१.५×१×१ ग्याबिन बक्स	१९७ थान	
२	नेपाल हार्डवेयर सेन्टर	20 mm PN 16HDPE Pipe	१५०० मिटर	२७७२७५
		110 mm PN 6HDPE Pipe	१८० मिटर	
		160 mm PN 6HDPE Pipe	७० मिटर	
		63 mm PN 6HDPE Pipe	१०० मिटर	
		जम्मा		१२१२४८५

१६ **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २४ वटा ऐन, ३ वटा नियमावली तथा ४२ वटा कार्यविधि समेत ६९ कानुन स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन। स्थानीय राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाई निर्माण भएका कानुनको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्छ ।

१७ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी नभएकोमा यस वर्षको ६ मध्ये २ वटा उजुरीहरु फछ्र्यौट भई ४ वटा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

१८ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई लागि रु. ११ लाख ६३४ आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१९ **प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४५ दरबन्दी स्वीकृत रहेकोमा गतवर्ष सम्म पदपूर्ति देखिएपनि हालको लेखापरीक्षण अवधि सम्म विभिन्न पदका २७ पदमा पदपूर्ति भई १८ पद रिक्त देखिन्छ। रिक्त मध्ये अधिकृतस्तरका कर्मचारी २ जना, र अन्य सहायकस्तरका र कार्यालय सहयोगी समेत १६ रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु कानून बमोजिम पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२० **करार कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा १५ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. ६२ लाख ६२ हजार खर्च लेखेको छ ।

२१ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। प्रतिवेदनमा उल्लेखित फोटोकपी मेशिन लगायतका सामग्रीहरु मर्मत हुनुपपर्ने साथै साबिकका गा.वि.स.बाट हस्तान्तरण भई आएका जिन्सी सामानहरु समेत PAMS मा प्रविष्ट हुनुपर्ने देखिन्छ ।

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्शाङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२३ **सेवा प्रवाहको स्थितिः**

यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ।

विवरण	जम्मा
घरजग्गा नक्शा पास	०
जन्म दर्ता	४६५
मृत्यु दर्ता	१४६
विवाह दर्ता	२०१
बसाइँसराई दर्ता	१४४
सम्बन्ध विच्छेद दर्ता	१४
कालोपत्रे सडक निर्माण	६४२ मिटर
ग्रावेल सडक निर्माण	३०९ मिटर
ग्रावेल सडक मर्मत	११३ मिटर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

२४ **सार्वजनिक परीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाले सार्वजनिक परीक्षणअन्तर्गत आयोजना संचालन, कार्यान्वियन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई पालना गरेको देखिएन। आयोजनाको सार्वजनिक परीक्षण तथा भौतिक र वित्तीय प्रतिबेदन सम्बन्धी ढाँचामा आबश्यक सबै बिबरण पूरा नभरी समितिका पदाधिकारी र लाभग्राही समेतले दस्तखत गरेतापनि पूरा विवरण नभरेको अवस्थाले आयोजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको भन्न मिलेन। केही ठूला आयोजनाहरूमा छनौटबाट सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वियन भएको देखिएन। पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु आयोजनामा निर्देशिकाले तोके बमोजिम सबै विवरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउन विशेष ध्यान दिनुपर्दछ ।

२५ **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

२६ **वार्षिक लक्ष्य तथा प्रगति र त्रैमासिक खर्चः**

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ। पालिकाले यस बर्ष पुँजीगत तर्फ रु.१३ करोड ०१ लाख ६१ हजार बजेट व्यवस्था भएकोमा रु. ९ करोड १८ लाख ७९ हजार १२ (कुल बजेटको तुलनामा ८४.९१ प्रतिशत) खर्च गरेको छ । बजेट विनियोजन अनुसार खर्च प्रगती उल्लेखनीय रहेको छ । कार्यालयको लागि स्विकृत वार्षिक बजेट तथा

कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिकमा ०.३८, दोस्रो त्रैमासिकमा ६.९३ प्रतिशत, तेस्रो त्रैमासिकमा २१.५८ तथा चौथो त्रैमासिकमा ७०.५९ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र २४.२८ प्रतिशत खर्च गरेको छ। शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च (रु. हजारमा)	त्रैमासिक खर्च (रु. हजारमा)				
			प्रथम	दोस्रो	तेश्रो	चौथो	आषाढ महिना
१	पूँजिगत खर्च	१३०१६१४२५	४९७२००	९०२०९१९	२८०८७५४१	९१८७९०१२	३१६००२०८
	प्रतिशत		०.३८	६.९३	२१.५८	७०.५९	२४.२८

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ७०.५९प्रतिशत तथा आषाढ महिनामा २४.२८ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक वर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रमको त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो।

२७ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा समेत यस वर्ष खाना तथा विविध कार्यक्रमतर्फ मात्र रु. २९ लाख १२ हजार खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२८ **नाफामूलक संस्थालाई अनुदानः**

पालिकाले बजेट विनियोजन गर्दा स्थानीय श्रम र सीपमा आधारित रोजगारमुखी र आय आयआर्जन हुने प्रकृतिको कार्यक्रमहरुमा स्रोत परिचालन गर्नुपर्नेमा नाफामूलक संस्थाको रुपमा सञ्चालित स्थानीय सहकारी हिमालय महिला बचत तथा ऋण सहकारी संस्था लि. लाई छनौटको आधार र मापदण्ड बेगर कम्प्युटरको सिपीयु तथा प्रिन्टरको टोनर खरिद गर्न भनी रु. ५० हजार विनियोजन गरेकोमा भौ.नं. ४२७ – २०८१।०२।१६ बाट रु. ४९,३३६।०० अनुदान स्वरुप भुक्तानी गरेको छ । स्रेस्तामा उपलब्ध अभिलेखमा उक्त संस्था दर्ता भएको र नविकरण भएको तथा सहकारी संस्थाको लेखापरीक्षण प्रतिवेदन भएको प्रमाण समेत संलग्न राखिएको छैन। नाफामूलक संस्थालाई सामग्री खरिद गरे बापत भुक्तानी गरेकोमा कुनै कारण सस्था बिघटन भएमा अनुदान दिएको पूजिगत सामाग्री को स्वामित्व पालिकाको हुने ब्यबस्था गरी नियमित हुनुपर्ने रु.।

अनियमित भएको	४९,३३६

२९ **परामर्श सेवाको लागत अनुमानः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सोसम्बन्धी नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, काम सम्पन्न गर्न लाग्ने समय तथा परामर्श सेवाका जनशक्तिको पारिश्रमिकको आधार खुलाई अनुसुची १ (क) को ढाँचामा लागत अनुमान तयार गरी सोहि नियमावलीको नियम १४ (२) वमोजिम स्विकृत गर्नुपर्ने व्यबस्था छ । पालिकाले स्विकृत नर्म्स तथा पारिश्रमिकको आधार नखुलाई लागत अनुमान तयार गरी मिति २०८०।११।०१ मा गो.भौ.नं. १४५ बाट सेतीखोलाबाट ढुंगा गिटी बलुवा उत्खनन तथा बिक्री वितरण गर्न IEE Report तयारी बापत वास्तु बिल्डर्स प्रा.लि.लाई रु. ३९५५००।०० गरेको देखिएकोले स्विकृत नर्म्स तथा पारिश्रमिकको आधार खुलाई लागत अनुमान तयार गरिनुपर्दछ।

३० **बिल बेगर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) बमोजिम खर्च प्रमाणित हुने बिल बीजक संलग्न गरेर भुक्तानी हुनुपर्नेमा पालिकाले गो.भौ.नं. ६९९-२०८१।०३।२४ बाट बेलोर तारजाली एण्ड हार्डवेयर सप्लायर्सलाई बीजकमा उल्लेख बेगर ढुवानी बापत रु. २००००।०० भुक्तानी दिएको पाइएकोले सो रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२०,०००

३१ **कन्टेन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान अनुसूची १ अनुसार तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सक्ने व्यवस्था छ। कार्यालयले यो वर्ष कन्टिन्जेन्सीबाट खर्च गरेतापनि सोको व्यवस्थित अभिलेख राखेको छैन । कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धमा नियम १०(७) अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्था वाहेक अन्य कुनै आधार देखिँदैन। सार्वजनिक निर्माणको सम्वन्धमा वर्क चार्ज खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्च समावेश हुने हो सो सम्वन्धमा ऐन नियममा स्पष्ट उल्लेख छैन। पालिकाले कन्टेन्जेन्सी खर्च सम्बन्धमा कुनै कार्यविधि तयार गरेको देखिएन। कन्टिन्जेन्सीबाट गरिने खर्च सम्वन्धमा स्पष्ट कार्यविधि तयार गरी खर्च गर्नुपर्दछ।

३२ **कृषि तथा पशुमा अनुदानः**

कृषि तथा पशुमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित प्रमुख कार्यक्रमहरु देहाय अनुसार छन्।

क्र.सं.	विवरण	अनुदान रु.	कैफियत
१.	५० % अनुदानमा मौरिको घार खरिद तथा वितरण कार्यक्रम	२०,४८,३०४	
२.	२०७८।७९ मा स्थापना भएको धानबाली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम	५,००,०००	६ वटा कृषि फर्म तथा सहकारीलाई सिँचाई कुलो निर्माण गर्न अनुदान
३.	आकस्मिक बाली संरक्षण सेवा अन्तर्गत विषादी खरिद तथा वितरण	९३,८६५	
४.	भैँसी खरिदमा अनुदान (६ जना किसानलाई ११ वटा भैँसी खरिदमा अनुदान वितरण)	७,६६,७५०	एउटाको अधिकतम १ लाख ४० हजार मूल्य कायम गरी खरिद मूल्यको ५० प्रतिशतले हुन आउने रकम अनुदान वितरण।
५.	राँगा पलन अनुदान कार्यक्रम (१८ जना किसानलाई जम्मा १८ वटा राँगा पालन अनुदान वितरण)	३,६०,०००	राँगा पाल्ने किसानलाई प्रति राँगा २० हजारका दरले अनुदान वितरण।
	अनुदान बापत जम्मा खर्च रु.	३७,६८,८८९	

कृषि तथा पशुमा अनुदान सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न अनुसार छन् ।

• किसानलाई भैँसी तथा राँगामा अनुदान वितरण गर्दा लक्षित वर्गको छनोट के कसरी कुन मापदण्डको आधारमा भएको हो प्रष्ट खुलेको छैन ।

• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । यस वर्ष अनुदान वितरण गरिएका कुनै पनि भैँसी तथा राँगाको विमा भएको पाइएन।

• किसानले खरिद गरेका र पालेका भैँसी र राँगाको जात, स्वास्थ्य अवस्था र गुणस्तर सम्बन्धमा पशु प्राविधिकले चेक जाँच गरी प्रमाणित गरिएको छैन ।

• अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन । तसर्थ पालिकाले प्रष्ट मापदण्ड सहितको कार्यविधि बनाई उन्नत जातको स्वस्थ र गुणस्तरीय पशुमा प्राविधिक जाँचको प्रमाणको आधारमा मात्र अनुदान वितरण गर्नुपर्दछ । अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा उत्पादनमा आधारित ठूला अनुदानका कार्यक्रम संचालन गरी व्यवसायिक पशुपालनलाई प्रवर्द्धन गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

३३ पशुजन्य औषधी खरिदः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने सम्बन्धमा भएको व्यवस्था बमोजिम वार्षिक आवश्यकताको परिमाण विश्लेषण गरी गरी पुल सिस्टमको आधारमा पशुजन्य औषधीको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले पशु विकास शाखाको लागि आवश्यक रु. ४,९८,६८०.०० को औषधि खरिद गरेकोमा आपूर्ति भएको औषधी तथा औषधिजन्य सामग्रीको प्रयोग र मौज्दात खुल्ने गरी अद्यावधिक विवरण राखेको पाइएन । अत: पालिकाले यस प्रकारको औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी माग तथा आवश्यकताको विश्लेषणका आधारमा औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३४ लघु उद्यम विकास कार्यक्रमः

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१(३) अनुसार प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रियामा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा सम्बन्धित लाभग्राही उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने ब्यवस्था छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.व. २०८०।८१ मा पालिकाले तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गरेको छ ।

क्र.सं.	कार्यक्रम /प्याकेजको नाम	विस्तृत विवरण	खर्च रु.	कैफियत
१.	वडा स्तरीय अभिमूखीकरण तथा सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम	७ वटै वडामा	२७,४६०	- १ दिने
२.	नयाँ उद्यमी सिर्जना (प्राविधिक सीप विकास तालिम)	सेनिटरी प्याड उत्पादन तालिम - १५ दिने	१,२९,७२५	उत्पादित सामग्रीको बिक्री तथा आयआर्जन सम्बन्धी अभिलेख नराखिएको ।
		बाँसको सामग्री उत्पादन तालिम - २० दिने	१,५१,०४०	
३.	पुराना उद्यमीको स्तरोन्नति तालिम	पुनर्ताजगी तथा एडभान्स्ड सीप विकास तालिम	१,९०,६३०	(२० जनालाई) - ७ दिने
४.	उद्यमशीलता विकास तालिम	- ८ दिने	६२,८६०	
	जम्मा खर्च रु.		५,६१,७१५	

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै विक्रि गरि प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि विक्री नभएमा स्टोर दाखिला गरि यथाशिघ्र लिलाम विक्रि गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८०।८१ मा सञ्चालन गरेको नयाँ उद्यमी सिर्जना (सेनीटरी प्याड उत्पादन र बाँसको सामग्री उत्पादन तालिम) र स्तरोन्नति कार्यक्रम (अचार उत्पादन स्तरोन्नति तालिम) सञ्चालन गरेकोमा उल्लेखित तालिमहरुबाट उत्पादित सामग्रीहरुको अभिलेख राखेको छैन । तालिमको क्रममा उत्पादित सामग्रीहरुको बिक्री वितरण गरी प्राप्त रकम राजस्व दाखिला गरिएको छैन । सामग्रीहरुको जिन्सी दाखिला समेत गरिएको छैन । जसका कारण एकातिर गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गर्नुगराउनुपर्दछ ।

३५ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले ७५३ वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार सञ्चालन कार्यविधि, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकाका ७ वटा वडामा नाली सरसफाई, मोटरबाटो सोलिङ तथा सरसफाइ, सिँचाइ कुलो मर्मत तथा नहर सरसफाइ, पदमार्ग निर्माण गर्ने लगायतका प्याकेजमा निर्माण, मर्मत तथा सरसफाइका ५० वटा प्याकेजमा कार्यक्रम सञ्चालन गरी जम्मा ७३ जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ४४ लाख ९२ हजार २४ खर्च गरेको छ। पालिकाले लक्षित वर्गलाई औसत ९२ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना अभिवृद्धि तथा दीर्घकालीन रोजगारी सिर्जनामा प्रभावकारी योगदान पुगेको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३६ **पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ७४ लाख ६४ हजार ९४८ सुविधा बापत भुक्तानी भएको छ ।

३७ **तालिम तथा अन्य कार्यक्रमः**

सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा गैरसरकारी संस्थावाट कार्य गराँउदा त्यस्तो कामको आवश्यकता किसिम समयावधि कामको गुणस्तर तथा लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको र ९९(२) मा गैरसरकारी संस्थाबाट काम गराउँदा नियम १८ वमोजिम मौजुदा सुचिमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तर तथा स्थानीयस्तरको दैनिक समाचारमत्रमा सुचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गरी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष देहायबमोजिम गैरसरकारी संस्थावाट कार्य गरेकोमा सुचना प्रकाशन नगरी एवम् सम्बन्धित कार्यको नर्म्स वमोजिम लागत अनुमान तयार नगरी गैरसरकारी सस्थाकै लागत अनुमानलाई मुल्यांकनको आधार बनाई कम लागत भएकालाई कार्य गराएको देखिन्छ । यसरी तालिमको नर्म्स अनुसार लागत अनुमान तयार गरी संभव भएसम्म कार्यालयकै जनशक्तिबाट मितव्ययी ढंगले कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

भौ.नं. र मिति	विवरण	तालिम सञ्चालन गर्ने संस्था	रकम
५८५-०८१।०२।०७	महिला सशक्तिकरण तथा क्षमता विकास तालिम	लालटिन मिडिया	२४८६००
६११-०८१।०२।२०	सार्वजनिक सुनुवाइ कार्यक्रम	पावर न्यूज मेडिया	२५००००
जम्मा			**४९८६००**

३८ **बक्तृत्वकला तथा उद्घोषण सम्बन्धी तालिमः**

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशद्वारा जारी तालिम तथा कार्यक्रम सम्बन्धी खर्चको मापदण्डमा तालिम सम्बन्धी मापदण्डको व्यवस्था छ ।उक्त व्यवस्था बमोजिम सबै प्रकारका तालिम दैनिक ४ सेसन सम्म चलाउन सक्ने, हरेक सेसनको अवधि १.५ घण्टाको हुनुपर्ने र प्रत्येक सेसनको कार्यपत्र संलग्न गरेर मात्र प्रशिक्षकलाई कार्यपत्र तथा प्रशिक्षण भत्ता भुक्तानी गर्नुपर्ने उल्लेख छ ।त्यसै गरी तालिमसँग सम्बन्धित विषयवस्तुको सेड्युल तथा सहभागीको हाजिरी समेतको कागजात व्यवस्थापन तालिम कार्यक्रमको अनिवार्य शर्त हो ।पालिकाको ६ नं वडा कार्यालयले SAAV Nepal सँग सम्झौता गरी विद्यार्थीहरुलाई मिति २०८०।०९।०६ देखि ९।९ सम्म बक्तृत्वकला तथा उद्घोषण सम्बन्धी तालिम चलाएवापत रु. ११८६५० भुक्तानी गरेको देखियो । खर्चको गोश्वा भौचरका साथ सहभागी विद्यार्थीको हाजिरी, तालिमको विषयवस्तु सहितको सेड्युल तथा प्रशिक्षकको कार्यपत्र समेत संलग्न भएको देखिएन ।अतः तालिमको सेड्युल, विद्यार्थीको हाजिरी तथा कार्यपत्र पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,१८,६५०

३९ **सुत्रमा फरक शिर्षकमा पोष्टीङः**

एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या २०७४ मा फरक शीर्षकबाट खर्च लेख्न नपाउने व्यवस्था छ । कार्यालयले निम्नानुसारको रु. ३१०४२६९।०० फरक शीर्षकमा बजेट पोष्टिङ गरी खर्च लेखि भुक्तानी गरेको देखियो । यसबाट तोकिएको शीर्षकमा खर्च लेखाङ्कन तथा विश्लेषण नहुने देखिएकाले यसबाट तयार गरिएको आर्थिक विवरणले यथार्थ अवस्था चित्रण हुने देखिदैन ।यस सम्बन्धमा बजेट विनियोजन गर्दा करार कर्मचारीको तलब सेवा परामर्श शिर्षकमा विनियोजन भइ सुत्र प्रणालीमा प्रविष्टी भएकोले फरक शीर्षक देखिएतापनि स्वीकृत बजेट भन्दा फरक कार्यमा खर्च नभएको र यो वर्ष सुधार भइसकेको कार्यालयको भनाइ रहेको छ ।खर्च वर्गीकरण र व्याख्या बमोजिम बजेट विनियोजन गरी सोही बमोजिम सुत्र प्रणालीमा प्रविष्टी तथा खर्च व्यवस्थापन हुनुपर्दछ ।

भौ.नं.	स्वीकृत शीर्षक	खर्च भएको	खर्च रु.
७९।२०८०।०६।२६	करार सेवा शुल्क	सेवा र परामर्श	१४६२११
३८४।२०८०।१२।०१	करार सेवा शुल्क	सेवा र परामर्श	९७४७४
३८५।२०८०।१२।०१	करार सेवा शुल्क	सेवा र परामर्श	६७६३२
३८६।२०८०।१२।०१	करार सेवा शुल्क	सेवा र परामर्श	८३७८७७
४२६।२०८०।१२।२४	पारिश्रमिक कर्मचारी	सेवा र परामर्श	८९५१७५
४६१।२०८१।०१।०२	पारिश्रमिक कर्मचारी	सेवा र परामर्श	१०७७३८
७५०।२०८१।०३।१३	करार सेवा शुल्क	सेवा र परामर्श	४६५०१२
७५२।२०८१।०३।१३	करार सेवा शुल्क	सेवा र परामर्श	४८७१५०
जम्मा			**३१०४२६९**

४० **जिन्सी दाखिला :**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **८८,१६८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१ **सवारी साधन मर्मत खर्चः**

सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी निर्देशिका, २०७७ बमोजिम कार्यालयले यथासक्य मितव्ययी तथा प्रभावकारी खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।सवारी साधन लगायतका जिन्सी सम्पत्तिको प्रयोग गर्दा सञ्चालन खर्च अत्याधिक भएको अवस्थामा समयमा खर्च नियन्त्रणका वैकल्पिक उपायहरु पहिचान गरी नयाँ सवारी साधन खरिद गर्ने वा चालु सवारी साधन नै प्रयोग गर्ने सम्बन्धमा समयमै उचित निर्णय लिनुपर्दछ । कार्यलयको प्रयोगमा रहेको सरकारी नम्बर प्लेटको सवारी साधनको वार्षिक मर्मत सम्भार शीर्षकमा रु. १६८०६६७ खर्च गरेको देखियो ।सवारी साधन मर्मतमा उच्च खर्च देखिएकोले मितव्ययी रुपमा खर्च गर्नेगरी यसप्रकारको खर्च प्रणालीमा सुधार हुनुपर्दछ।

४२ **वडा सञ्चालन खर्चः**

पालिकाको ७ वटा वडा संचालन खर्च अन्तर्गत कार्यालय सामान खरिद, सवारी मर्मत र विविध शिर्षकमा तपशिल अनुसार खर्च भएको छ । वडाको खर्च सम्बन्धमा देखिएको थप व्यहोरा देहाय अनुसार छ।

सि.नं.	खर्च शीर्षक	रकम
१	मसलन्द तथा कार्यालय सामान, पानी बिजुली	२६९४५२२
२	संचार महशुल	५०५००
३	विविध खर्च/इन्धन	७४८७४४
	जम्मा	३४९३७६६

वडा सञ्चालनको शीर्षकगत सिमा गाउँपालिकाको सभाले निर्धारण गरी सोही सिमाभित्र रहेर मितव्ययी रुपमा खर्च हुनुपर्दछ।

४३ **बैठक भत्ताः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकामा स्वास्थ्यकर्मीको छनौट तथा नियुक्ती सम्बन्धी बैठकको रु. १००० का दरले ७ दिनको बैठक भत्ता विषय विज्ञ डा. हेमन्त बाँस्तोलालाई खर्च लेखेकोमा उक्त रकम बुझेको भरपाइ संलग्न नभएकोले सम्बन्धितको बैक खाता मा भुक्तानी गरेको वा बुझेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,९५०

४४ **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत बापत गरेको खर्च गरेको तर आय तर आय प्राप्त गरेको छैन। पालिकाले यस वर्ष ब्याक हो लोडर सञ्चालनार्थ रु. २००००००।०० बजेट विनियोजन गरेकोमा इन्धन, मर्मत तथा जनशक्ति लगायतमा जम्मा रु. २००००००।०० खर्च लेखेको छ तर यसबाट पालिकाको आन्तरिक राजस्वमा योगदान हुने गरी आय प्राप्त भएको सम्बन्धमा कुनै अभिलेख उपलब्ध छैन । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन। उपकरण पालिका आफैँले वा भाडामा सञ्चालन गर्ने सम्बन्धी कुनै कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको कार्यबिधी तयार गरी उपकरण संचालान र आय र व्यय व्यवस्थित पारदर्शी अभिलेख राख्नु पर्दछ।

४५ **शिक्षामा अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार समानीकरण अनुदानबाट संघीय सरकारको कार्यक्षेत्र भित्र पर्ने शिक्षा सम्बन्धी कार्यमा पालिकाले समानीकरण अनुदानबाट निम्नानुसार रु. १५०००००।०० अनुदान दिएको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

क्र.सं.	गो.भौ.नं.	अनुदान पाउने संस्था	अनुदान रकम रु.	कैफियत
१	२-२०८१।०३।१३	जनसेवा संस्कृत मा.वि. पैयुँ हटिया	४०००००।००	गा.पा. शिक्षा
२	४-२०८१।०३।१४	पैयुँ बहुमुखी क्याम्पस	४५००००।००	गा.पा. शिक्षा
		हुवास बहुमुखी क्याम्पस	५५००००।००	गा.पा. शिक्षा
३	५३६-२०८१।०३।१४	हुवास बहुमुखी क्याम्पस	१०००००।००	वडा बजेट गा.पा. पुँजीगत
		जम्मा	१५०००००।००	

अनियमित भएको	१५,००,०००

४६ **छात्रवृत्ति रकम:**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ मा सामुदायिक विद्यालयका विद्यार्थीलाई छात्रवृती उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई प्रतिविद्यार्थी रु ४०० का दरले छात्रवृती उपलव्ध गराउने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं. १९२। ०८१।२।२१ मा विभिन्न २७ विद्यालयलाइ छात्रवृतीको लागि निकासा दिएको रकम मध्ये देहायका विद्यालयमा IEMIS तथ्यांक भन्दा बढी संख्यामा छात्रवृत्ति रकम निकासा भएको हुँदा सम्बन्धित विद्यालयमा बढी निकासा भएको रकम फिर्ता गरि संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

विद्यालयको नाम	भुक्तानी हुनुपर्ने छात्रवृत्ति रु.	निकासा भएको रु.	बढी निकासा रु.
जनसेवा संस्कृत मा.वि.	५००००	६०८००	१०८००
पालुस्थान मा.वि.	३४४००	३६८००	२४००
जम्मा			**१३२००**

असुल गर्नुपर्ने	१३,२००

४७ **सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापनः**

कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० अनुसार पालिकाले प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापनका लागी २७ विद्यालयलाई गो.भौ.नं. २११ बाट एकमुष्ठ रु. ४०८१५०।०० अनुदान दिएको छ।यस सम्बन्धमा अन्य व्यहोरा निम्नानुसार छन्।

४७.१ कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापन अनुदान खर्च गरि प्रगती प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयहरुले लेखापरीक्षण अवधि सम्म प्रगती प्रतिवेदन पेश नगरेकोले प्रगती प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३,९२,६५०

४७.२ पालिका क्षेत्रभर ५ उच्च मा.वि.को विद्यार्थी संख्या २०६ रहेकोमा रु. २५० का दरले रु. ५१५०० निकासा हुनुपर्नेमा रु. ७९५०० निकासा भएको पाइएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असूल गरी संघीय सञ्चित कोष दाखिला गर्नपर्ने रु.

असुल गर्नुपर्ने	२८,०००

४८ **स्यानीटरी प्याड:**

विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ बमोजिम कार्यालयले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड खरिद तथा वितरण कार्यक्रमको लागि पालिकाले अर्निङ एक्सपोर्ट इम्पोर्ट

चितवनबाट ८००० थान स्यानिटरी प्याड रु. ६००००० मा खरिद गरेको देखिन्छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरेको छ । कार्यालयलबाट खरिद गरिएका ८००० थान स्यानिटरी प्याड मध्ये २५० प्याकेट वितरण नभई पालिकाको भण्डारमा रहेकोले कार्यालयको आवश्यकताको आधारमा मितव्ययी तरिकाले खरिद कार्य गर्नुपर्ने साथै वितरण हुन नसकि भण्डारमा रहेको सामाग्रीको समयमानै वितरण गर्नुपर्दछ।

४९ **अंग्रेजी पाठ्यपुस्तक अनुदानः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६(५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिका चालु बजेटबाट अंग्रेजी माध्यमको अंग्रेजी, विज्ञान, गणित विषयका विद्यार्थी प्रकाशनको पाठ्यपुस्तक खरिद वापत रु. ९५०३८५ खर्च गरेकोमा शिक्षकले बुझेको भरपाइ पेश भएपनि सम्बन्धित विद्यार्थीले बुझे नबुझेको कागजातबाट स्पष्ट भएन ।तसर्थ अंग्रेजी माध्यमको पाठ्यपुस्तकको सम्बन्धित विद्यार्थीले बुझे नबुझेको र बाँकी पाठ्यपुस्तकको मौज्दातका सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,५०,३८५

५० **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ।

५१ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. ८,४३,९९,३६०।०० विनियोजन भएकोमा रु. ८,४०,८१,३९५।०१ खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

५१.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानियतहको वेबसाइटमा राखु पर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन।

५१.२ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा वडा समितिले उल्लिखित कार्य गरेको पाइएन।

५२ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा भएको रु. २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान खरिद गर्दा उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ भने नियम

८४ मा रु. ५० लाख सम्म सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था भएकोमा पालिकाले निम्नानुसार रु. २६९२१९७।०० को औषधी विभिन्न औषधी विक्रेताबाट दरभाउपत्र लिएर सोझै खरिद गरेको पाइयो । साथै खरिद पूर्व गर्नुपर्ने औषधीको आवश्यकता पहिचान, गुणस्तर र म्याद सम्बन्धमा स्पष्ट हुनेगरी प्राविधिक स्पेशिफिकेशन तयार गरेको तथा औषधी प्राप्त भएपछि तोकिएको स्पेशिफिकेशन बमोजिम भएको प्रमाणित हुनेगरी प्राविधकबाट जाँच गराई प्रतिवेदन लिएको पाइएन । औषधिको स्टोर मौज्दात अभिलेखको आधारमा आवश्यकता पहिचान गरी आवश्यक औषधीको गुणस्तर र म्याद जाने अवधिसमेत सुनिश्चित गराई प्रतिस्पर्धी र मितव्ययी रुपमा औषधी खरिद हुनुपर्ने देखिन्छ ।

गो.भौ.नं. / मिति	आपूर्तिकर्ताको नाम	रकम रु.	कैफियत
२१-२०८१।०३।२१	क्याण्डेला मेडी कन्सर्न	९८५३०६।००	गा.पा. स्वास्थ्य चालु
८९-२०८१।०३।२२	हलेशी मेडिसिन सप्लायर्स	४९२४२८।००	गा.पा. चालु
३०५-२०८१।०३।२३	जुग्नु फर्मास्युटिकल्स	१२१४४६३।००	सशर्त चालु
जम्मा		२६९२१९७।००	

५३ **आन्तरिक राजस्वः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परच्छेद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्र अन्तर्गत दफा ५५ देखि ६२ सम्म स्थानीय तहले उठाउन पाउने विभिन्न आन्तरि राजस्व आय सम्बन्धमा उल्लेख गरिएको छ । पालिकाको आन्तरिक राजस्व आय सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

५३.१ कार्यालयले मुल संचित कोषको बैंक नगदी किताब तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउँछ उति नै दाखिला गरेको मानी आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाब मिलान गरेको छैन।

• आय ठेक्का अभिलेख नै नरहेको कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली, व्याज जरिवाना यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको छ ।

• राजश्व म.ले.प.फा.नं. १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैँक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

• स्थानीय उत्पादनमा निकासी कर लगाईएको पाईएन।

• वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानी तथा आन्तरिक लेखापरीक्षणलाई मात्र आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।

• पालिका भित्रका स्थायी लेखा नं. लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा बहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

• पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य बमोजिम असुली हुन सकेको देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

५३.२ पालिकाको आर्थिक ऐन, २०८० मा व्यवसाय कर लाग्ने व्यवस्था गरेको छ । पालिकाले राजस्व अभिलेख र प्रतिवेदनको लागि प्रयोग गरेको स्थानीय तह ERP प्रणाली अनुसार पालिका भित्रका विभिन्न कारोबार गर्ने बैंक, वित्तीय संस्था, सहकारी, होटेल, स्टेशनरी लगायत फर्मबाट पालिकाले व्यवसाय कर असुल गरेको पाईएन । आर्थिक ऐन अनुसार व्यवसाय कर असुल गर्नुपर्ने देखिन्छ।

५४ **बहाल करः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५५ **राजस्व असुलीः**

यस पालिकाले यो आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छ। राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ।

क्र.सं.	प्राप्तिको श्रोत	अनुमानित आय	वास्तविक आय	कैफियत
१	११३१३ - सम्पती कर	१८,९९,६००.००	४,८१,८६५.९५	२५.३७
२	११३१४ - भुमिकर/मालपोत	१४,६७,०००.००	८,६१,०५९.००	५८.७०
३	११३१७ - वहाल कर	२,०४,०००.००	४,०२,२३९.६४	१९७.१८
४	११६११ - व्यवसायले भुक्तानी गर्ने	०.००	२६,८५०.००	-
५	११६९१ - अन्य कर	०.००	४८,२८१.००	-
६	१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम	०.००	४,०००.००	-
७	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	५०,०००.००	४८,८०५.००	९७.६१
८	१४२२१ - न्यायिक दस्तूर	०.००	१,०००.००	-
९	१४२२४ - परीक्षा शुल्क	०.००	११,६००.००	-
१०	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	०.००	२,२०,६०८.०२	-
११	१४२४२ - नक्सापास दस्तुर	३,००,०००.००	४५,१०८.००	१५.०४
१२	१४२४३ - सिफारिश दस्तुर	७,१४,०००.००	४,११,५५०.००	५७.६४
१३	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	१,२७,०००.००	२,९३,१००.००	२३०.७९
१४	१४२४५ - नाता प्रमाणित दस्तुर	५१,०००.००	२२,३००.००	४३.७३
१५	१४२४९ - अन्य दस्तुर	१,५३,०००.००	१,८४,१४५.६४	१२०.३६
१६	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	१,०२,०००.००	१,५६,६१०.००	१५३.५४
१७	१४२५४ - रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	१०,०००.००	०.००	०
१८	१४२६५ - अन्य क्षेत्रको आय	०.००	३३०.००	-
१९	१४३११ - न्यायिक दण्ड, जरिवाना र जफत	०.००	५,०००.००	-
२०	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	०.००	१०,०००.००	-
२१	१४५२९ - अन्य राजस्व	०.००	३५,००५.००	-
२२	१४६११ - व्यवसाय कर	०.००	१,३५,९२२.००	-
	जम्मा	५०७७६००.००	३४०५३७९.२५	६७.०७%

५६ **पालिकाको खर्च र आन्तरिक आयः**

पालिकाको आन्तरिक आय वृद्धि गरी अनुदान माथिको निर्भरता कम गर्नुपर्दछ । विगत ३ वर्षमा आन्तरिक आय तथा खर्चको अनुपात निम्नानुसार रहेको पाइयो ।

क्र.सं.	आ.व.	जम्मा खर्च	जम्मा आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१	२०७८।७९	३५९६५५७७९।६३	४४२६१७८।००	१.२३
२	२०७९।८०	४२४९८९३४३।८६	३६२०११७।००	०.८५
३	२०८०।८१	३५४९५४९४५।५४	४२१८६३८।२५	१.१८

उल्लेखित अवस्था हेर्दा पालिकाको पछिल्लो तीन आ.व.को कुल खर्चमा आन्तरिक आयले पुर्याएको योगदान अत्यन्त न्यून अर्थात् क्रमशः १.२३, ०.८५ र १.१८ प्रतिशत मात्र रहेको पाइयो । पालिकाले आन्तरिक आय वृद्धि गर्न आयको दायरा बढाउनुपर्दछ र भुवर्गीकरणको आधारमा भुमी तथा सम्पत्ति कर पुनरावलोकन हुनुपर्दछ।

५७ **डण्डीको बढी भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१८५,३२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **वडा कार्यालयलाई सामान हस्तान्तरण हुन बाँकीः**

कार्यालयले गाउँपालिका भवन तथा विभिन्न वडा कार्यालयको लागी भनी आपुर्तिकर्ता रिमाल ईन्टरप्राईजेज बाट विभिन्न प्रकारका फर्निचर, पर्दा अन्य डेकोरेसनका सामान खरिद गरि ल्याएकोमा हाल सम्म सो सामान सम्बन्धित वडा कार्यालयलाई हस्तान्तरण गरेको पाईएन । साथै पर्दा लगायतका सामाग्रीजडान गरे पश्चात मात्र आपुर्तिकर्तालाई भुक्तानी हुने गरी सम्झौतामा व्यवस्था गरेकोमा सो पर्दा लगायतका समाग्री जडान नगरी सम्झौता अनुसारको सम्पुर्ण भुक्तानी गरेको पाईयो । वडा नं. ३ र ६ को लागी कुर्सी १५ थान, सोफा सेट ५ थान, टेबल ४ थान, कार्पेट ११२ मिटर, पर्दा ६४ मिटर सामान खरिद गरेकोमा लेखापरीक्षण अवधि सम्म पनि हस्तान्तरण गरेको पाईएन । सम्झौता अनुसारको सामान आपुर्ति गर्दा सम्झौताका सर्त अनुसार भुक्तानी गर्नुका साथै वडा कार्यालयको लागी खरिद गरेको सामान सम्बन्धित वडा कार्यालयलाई हस्तान्तरण गर्ने तर्फ ध्यान जानु पर्दछ।

५९ **रित पुर्वकको कर विजकः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **२१६,८१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६० **१० शैया अस्पताल भवन निर्माणः**

गाउँपालिकाको १० शैयाको अस्पताल भवन निर्माणको लागी रु. १३,६२,२७,६२९.९६ को लागत अनुमान बनाई वोलपत्र आह्वान गरेकोमा पेस भएका न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रको रुपमा निर्माण व्यवसायी श्री नेसनल/विवेक एण्ड कुवेर जे.भी. सँग मिति २०७९/११/२४ भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।०५।२४ मा मूल्य अभिवृद्धि कर समेत रु. ९,३५,६१,४५३.५५ मा सम्झौता गरेको छ । सो ठेक्कामा यस आर्थिक वर्षको अन्त सम्ममा छ वटा रनिङ्ग विलबाट रु. ४,३०,४१,३३५.०० खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

६०.१ **अस्पतालको विस्तृत ड्रईङ्ग डिजाईनः** निर्माण कार्यको आवश्यकता र प्राविधिक दृष्टिकोणले उचित र लागत प्रभावी हुने गरी ड्रईङ्ग डिजाईन गरी निर्माण कार्यको परिमाण र सोको लागत अनुमान गर्नुपर्दछ । लागत प्रभावीका सन्दर्भमा Value Engineering को सिद्धान्तबमोजिम निर्माण गर्दा प्रयोग गरिने निर्माण सामाग्री र मेशिनरीको उपयुक्त संयोजन गर्नुपर्दछ । भवन निर्माणस्थलको माटोको

भारवहन क्षमता र निर्माण गरिने १ तले भवनको स्ट्रक्चरसहितको भारका लागि Isolated Footing रहेको र भवनको स्ट्रक्चरका लागि २० एमएम व्यासको छड आवश्यक नै रहेको प्राविधिकरुपमा पुष्टि गरेको पाइएन। भवनको फुटिङ्ग राखेको जमीन मुनि Boulder Mix Soil रहेको र १ तले भवनका लागि २० एमएम व्यासको छड राखी निर्माण कार्य गराउँदा आवश्यकता भन्दा बढीको स्पेसिफिकेशनका कारण भवनको लागत बढी पर्न गएको स्थिति छ । परामर्शदाताले पर्याप्त मात्रामा अध्ययन नगरी निर्माणस्थल तथा भवनको प्राविधिक पुष्टयाई बेगर भारी स्ट्रक्चर राखेको हुँदा Value Engineering लाई पालना गरेको पाइएन । साथै परामर्शदाता स्पाईरल ग्रिड सलुसन प्रा.ली. ले भवनको DPR बनाउदा Slop stabilization/ Provision of retaining structure को कार्य आफ्नो कार्य क्षेत्र भित्र नपर्ने र सोको लागी छुट्टै Geotechnical study गर्न सुझाव दिएको पाईयो । DPR गर्दा निर्माण स्थलको अवस्था, सो स्थलमा कुन प्रकारको संरचना आवश्यक पर्ने लगायतका प्राविधिक सुझाव दिनु पर्नेमा परामर्शदाताले भवनको ड्रईङ्ग मात्र दिई अन्य दायित्वबाट पछि हटेको पाईयो । यसरी निर्माण कार्यको आवश्यकता र निर्माणस्थलको पर्याप्त मात्रामा अध्ययन नगरी ड्रईङ्ग डिजाइन गर्ने सो परामर्शदाता र सोलाई स्वीकृत गर्ने जिम्मेवार व्यक्तिलाई कानुनबमोजिम जवाफदेही बनाउनुपर्दछ।

६०.२ **थप ओभरहेड जोडेर लागत अनुमान गरेकोः** निर्माण कार्यको लागत अनुमान गर्दा सार्वजनिक खरिद नियमावलीको अनुसूचि १ अनुसार गर्नु पर्दछ । बोलपत्रको माध्यमबाट गरिने निर्माण कार्यको लागत अनुमान गर्दा कन्ट्र्याक्टर ओभरहेड १५ प्रतिशत आईटममै थप हुने तर सो भन्दा अन्य ओभरहेड थप हुने व्यवस्था रहेको पाईदैन । कार्यालयले यस अस्पतालको लागत अनुमान गर्दा सिभिल कार्य तर्फको प्रत्येक आईटममा ३% ओभरहेड छुट्टै थप गरी लागत अनुमान गरेको पाईयो । लागत अनुमातमा सिभिल निर्माण तर्फको लागत रु. ८,३९,२५,४९५.९२ रहेको र सो मा ३ प्रतिशत रकम थप भएको हुदा आयोजनालाई रु. २४,४४,४३१.९२ थप व्ययभार पर्ने गरी लागत अनुमात स्वीकृत गरेको पाईयो । यसरी लागत अनुमानमा थप गर्नु नपर्ने ओभरहेड वापतको रकम थप गरी स्वीकृत गर्दा आयोजना महङ्गो भएको र कार्यालयलाई समेत थप व्ययभार परेको रु.

अनियमित भएको	२४,४४,४३१

६०.३ **माटो कटिङ्ग र ढुवानी कार्यः** कार्यालयको १० शैया अस्पताल भवन निर्माण गर्न जग्गा व्यवस्थापन गर्ने प्रयोजनको लागी १२९५१.२४ घन मिटर माटो खन्नु पर्ने र सो माटोको व्यवस्थापन निर्माण व्यवसायीले नै गर्नु पर्ने भएको हुदा माटो व्यवस्थापनको लागी खरिद सम्झौताको बि.ओ.क्यू. मा कुनै आईटम राखेको पाईएन । बोलपत्र आह्वान भए पश्चात बोलपत्रमा कुनै समस्या देखिएमा सो बारेमा छलफल गर्न प्रिबिड मिटिङ्ग राख्न सकिने व्यवस्था भएकोमा सो सम्बन्धी बैठक बसेको र कुनै विषयमा छलफल भएको अभिलेख ठेक्का सम्बन्धी फाईलमा प्राप्त हुन सकेन । निर्माण व्यवसायीले पनि सो सम्झौता अनुसारको परिमाणको माटो खन्ने र व्यवस्थापन गर्ने गरी बोलपत्र पेश गरेको र सम्झौता समेत गरेको देखिन्छ । खरिद सम्झौता भएको करिब १ वर्ष ६ महिना पश्चात बि.ओ.क्यूमा राखिएको माटो खन्ने परिमाण घटी भएकोले ल्याण्ड म्यानेजमेन्ट गर्न कुल २१३३९.०३ घनमिटर माटो मात्र खन्नु पर्ने र खनेको पुरै २१३३९.०३ घनमिटर माटो निर्माण स्थल भन्दा बाहिर व्यवस्थापन गर्नु पर्ने भएकोले अतिरिक्त खर्च लाग्ने भएको जनाई कार्यपालिकाको मिति २०८०।०९।२७ को निर्णयले भेरिएसन आदेश स्वीकृत गरेको पाईयो । माटो खन्नेकार्य २१३३९.०३ घनमिटर नै आवश्यक हो भने हचुवाको भरमा १२९५१.२४ घनमिटर मात्र खन्न सिफारिस गर्ने परामर्शदाता र सो अनुसारनै लागत अनुमान तयार गरी स्वीकृत गर्ने प्राविधिक लाई जिम्मेवार बनाउनु पर्दछ । साथै खरिद सम्झौता गर्दा १२९५१.२४ घनमिटर माटो खन्ने र व्यवस्थापन गर्न स्वीकृती जनाई सम्झौता गर्ने निर्माण व्यवसायीलाई खनेको सबै माटो निर्माण स्थल भन्दा टाढा लगी व्यवस्थापन गर्न प्रति घनमिटर रु. ११९.३१ का दरले रु. २५४५८९६.२४ थप भुक्तानी दिन स्वीकृती दिएको पाईयो । निर्माण व्यवसायीले खनेको माटो मध्ये केही भाग माटो निर्माण स्थल व्यवस्थापनमै प्रयोग भएको र केही भाग माटो पुनः निर्माणाधिन भवन वरिपरी आवश्यक रहेको भनी निर्माण स्थलमै राखेको हुदा खनेको पुरै माटो निर्माण स्थल भन्दा बाहीर व्यवस्थापन गरेको समेत देखिएन । खनेको माटोको धेरै भाग निर्माण स्थलमै प्रयोग भएको अवस्थामा निर्माण स्थल व्यवस्थापन गर्न आवश्यक पर्ने परिमाण र बाहिर व्यवस्थापन गर्ने माटोको परिमाण नछुट्याई खनेको जति सबै माटो निर्माण स्थल भन्दा बाहिर व्यवस्थापन गर्ने भनी सिफारिस गर्ने र भेरिएसन स्वीकृत गर्ने प्राविधिक, कर्मचारी तथा पदाधिकारी लाई जिम्मेवार बनाइ नियमित हुनुपर्ने रु.

अनियमित भएको	२५,४५,८९६

६०.४ **वीमाको म्याद थप नगराएकोः** सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । सम्झौताको GCC१९.१ मा निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौता भएको दिन देखी त्रुटी सच्याउने अवधी सम्मको म्याद रहेको हुनु पर्ने उल्लेख छ । कार्यालयले यस १० शैया अस्पतालको खरिद सम्झौता गर्दा माग गरेको वीमाको म्याद २०७९।११।२४ मै समाप्त भएको र सो पश्चात निर्माण कार्यको म्यद समेत थप भएको अवस्थामा वीमाको म्याद थप गरेको पाईएन । निर्माण व्यवसायीबाट म्याद थप गरेको वीमाको प्रमाण पेश गरी वीमा वापत भुक्तानी भएको रु. ३००००००.०० मुल्य अभिबृद्धि कर समेत नियमित गर्नु पर्ने रु.

अनियमित भएको	३,३९,०००

६०.५ **पेश्कीमा मुल्य समायोजनः** कार्यालयले मुल्य समायोजन भुक्तानी गर्दा पेश्की कट्टि गरेर भुक्तानी गरेको छ तर छैटौ रनिङ्ग बिलमा रु. ५४७९७४९.०० पेश्की फर्स्यौट गर्दा सो रकम मुल्य समायोजन गणनामा घटाएको पाईएन । यसरी कार्यालयले पहिले नै भुक्तानी दिएको रकमलाई मुल्य बृद्धि भुक्तानी गर्दा घटाएर गर्नु पर्नेमा नघटाई गणना गरेको देखिदा सो रकमको मुल्य बृद्धि फ्याक्टर ०.१६ ले हुने रु. ८७६७५९.८४ बढी भुक्तानी भएको पाईयो । यसरी बढी भुक्तानी भएको देखिएको रकम मुल्य अभिबृद्धि कर सहित सम्बन्धितबाट असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	९,९०,७३९

६०.६ **फाउण्डेसनको कार्य परिमार्जनः** संरचना निर्माण गर्दा स्वीकृत ड्रईङ्ग डिजाईन अनुसार गरिनु पर्दछ । कार्यालयले यस १० शैया अस्पतालको भवन निर्माण गर्दा Isolated Footing अनुसारको एक तलाको तीनवटा अलग अलग भवन निर्माण गर्ने गरी परामर्शदाता स्पाईरल ग्रिड सलुसन प्रा.ली. ले सिफारिस गरेको डिजाईन लाई मिति २०७८।०१।१२ मा स्वीकृत गरेको पाईयो । स्वीकृत डिजाईन अनुसार Isolated Footing राख्ने गरी निर्माण भई रहेको भवनको दायापट्टिको भागको जमिन कमजोर रहेकोले चारवटा Isolated Footing को सट्टामा Mat Foundation बनाउने गरी यस पालिकाका प्राविधिक शाखा र आर्थिक प्रशासन शाखाको सिफारिसका आधारमा मिति २०८०।०५।०५ मा प्रमुख प्रशासकिय अधिकृतबाट निर्णय स्वीकृत गरी Mat Foundation को लागी मात्र रु. १६,४८,०८२.२५ खर्च लेखेको पाईयो । स्वास्थ्य मन्त्रालयबाट सिफारिस गरिएको डिजाईन तथा स्विकृत DPR मा कुनै पनि स्थानमा Mat Foundation राख्नु पर्ने गरी सिफारिस नगरेको अवस्थामा थप व्ययभार पर्ने गरी डिजाईन परिवर्तन गर्न स्विकृती दिनेलाई कानून बमोजिम जवाफदेही बनाई नियमित हुनुपर्ने रु.

अनियमित भएको	१६,४८,०८२

६०.७ **थप कार्य सम्पादन जमानतः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **७,४८५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६०.८ **ननफाईलरः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **२,१०२,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६०.९ **अस्पताल संचालनः** स्थानीय तहमा अस्पताल निर्माण पश्चात सोको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी सम्बन्धित गाउँपालिकाको हुने व्यवस्था छ । एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम मातहत अस्पताल हुवासमा १० सैया अस्पतालको निर्माण कार्य ठेक्का सम्झौताबमोजिम २०८१/८२ मा सम्पन्न हुँदैछ । अस्पताल भवन निर्माण पश्चात संचालन गर्न आवश्यक मेशिन उपकरणका साथै चिकित्सक लगायतका जनशक्ति आवश्यक पर्छ । अस्पताल सञ्चालनका लागि आवश्यक तयारी भएको नदेखीदा भवन निर्माण पश्चात अस्पताल सञ्चालन हुन सक्ने स्थिति देखिदैन। गाउँपालिकाले अस्पतालको सञ्चालन र व्यवस्थापन गर्न आवश्यक पूर्वतयारी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६०.१० **स्थलगत अवलोकनः** लेखापरीक्षणको समयमा कार्यालयका प्राविधिक सहित यस १० शैया अस्पताल भवन निर्माण स्थलको स्थलगत अनुगमन गरियो । सो क्रममा अनुगमन गर्दा भवन निर्माण स्थल बजार क्षेत्र भन्दा माथी उकालोमा पर्ने र सो निर्माण गर्नकोलागी पहाडको सानो भाग कटान गरी समथल भाग बनाएर सो स्थानमा भवन निर्माण भईरहेको देखियो । पहाड कटान गरेको हुदा सो कटान गरेको भागको सुरक्षाको लागी १० मिटर भन्दा अग्लो सियर वाल लगाएको र सो को सियरवाल निर्माण गर्न पहाड कटान गर्ने, माटो व्यवस्थापन गर्ने र निर्मण गर्ने कार्य समेत गरी रु. १,८४,१०,८५५.७२ लागत परेको पाईयो । निर्माणाधिन भवन कटान गरेको पहाडको फेदमा रहेको र भवनको छत भन्दा माथि कटान गरेको भाग पर्ने तथा भवन छेवैमा खोल्सा रहेको हुदा भवन निर्माण स्थल जोखिमपूर्ण देखिन्छ।अस्पताल भवन निर्माण भएको स्थानमा स्वस्थ्य मन्त्रालयले क्यान्टिन, शव गृह, अस्पतालको फोहोर व्यवस्थापन स्थल, Ground Level, Set Back, Contour annotation स्पष्ट रुपमा देखिने गरी राख्नु पर्ने भनी सिफारिस गरेकोमा सोको लागी प्रयाप्त स्थान रहेको समेत देखिएन । कार्यालयले स्वास्थ्य मन्त्रालयबाट दिएको सुझाव कार्यान्वियन गर्न प्रयाप्त स्थानको व्यवस्थापन गर्नु पर्ने तथा भिरालो र जोखिम युक्त स्थानमा भवन निर्मण गरिएको हुँदा सो को सुरक्षा गर्न प्रयाप्त ध्यान दिनु पर्ने देखिन्छ।

६१ **जमानत बीना पेश्की भुक्तानीः**

सार्वजनिक खरिद नियमावलीले निर्माण कार्यको पेश्की भुक्तानी गर्दा सो पेश्की रकम खाम्ने रकम बराबरको मान्य अवधी भएको पेश्की जमानत पेश गरेर मात्र पेश्की भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले विभिन्न उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा बिना जमानत पेश्की उपलब्ध गराएको पाईयो । सार्वजनिक खरिद ऐन र नियमावली तथा खरिद सम्झौताको अनुसार पेश्की भुक्तानी गर्नु पर्ने भएमा सो बराबरको पेश्की जमानत लिएर मात्र दिनु पर्नेमा सो नगरी पेश्की भुक्तानी गर्दा सार्वजनिक कोषको रकम जोखिममा पर्ने हुदा सो कार्यमा नियन्त्रण हुनु पर्दछ । कार्यालयले जमानत बिना पेश्की उपलब्ध गराएका उदाहरण देहाय अनुसार रहेका छन्।

सि.नं.	उपभोक्ता समितिको नाम	गो.भौ.नं. र मिति	पेश्की रकम
१	भौटेगौरा हरिचण्डी सडक स्तरोन्नती उ.स.	४७२-२०८१।०२।२७	२५००००
२	अम्लिकोट खानेपानी व्यस्थापन उ.स	४१२-२०८१।०२।१५	३७५०००
३	अँधेरीगैरा ईकाई पोखरी डाँडा सडक मर्मत उ.स.	६०६-२०८१।०३।२२	२५००००
४	अर्थुन टकलाक संगारकोट सडक उ.स.	३३२-२०८१।०१।२६	३७५०००
जम्मा			१२५००००

६२ **ट्रस ब्रिजको स्टिल पार्ट खरिदः**

बोलपत्रको माध्यमबाट गरिने कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कन्ट्र्याक्टर ओभरहेड १५ प्रतिशत आईटममै थप गरेर गर्नु पर्दछ । कार्यालयले स्टिल ट्रस पुलको लागत अनुमान गर्दा डाईरेक्ट कस्टको ७ प्रतिशत फेब्रिकेसन तर्फ र ५ प्रतिशत ग्याल्भनाईजेसन तर्फ Tools and Plants भनी आपुर्ति कर्तालाई कवोल गर्न लगाएको पाईयो । फेब्रिकेसन को लागी Direct Cost रु. १३३.९९ अनुमान गरेको र ग्याल्भनाईजेसनको लागी रु ५९.३९ अनुमान गरेको पाईयो । लागत अनुमान गर्दानै फेब्रिकेसन तर्फ रु ९.३८ प्रति किलोग्राम र ग्याल्भनाईजेसन तर्फ रु. २.९७ प्रति किलो थप व्ययभार पर्ने गरी लागत अनुमान गरेको हुदा आपुर्ति हुने सामान थप महंगो भएको पाईयो । कार्यालयले आपुर्ति गर्दा फेब्रिकेसन ४०७६.९४८ किलोग्राम गर्दा रु. ३८२४१.७७ र ग्याल्भनाईजेसन ४०७६.९४८ किलोग्राम गर्दा रु. १२१०८.५४ गरी रु. ५०३५०.३१ थप व्ययभार पर्ने गरी गरेको पाईयो । फेब्रिकेसन कार्य आपुर्ति गर्दा भन्दा जडान गर्दा हुने र ग्याल्भनाईजेसन सो सामाग्री बनाउदै निर्माण गर्ने कम्पनीले नै गर्ने हुदा आपुर्ति गर्दा सो ओभरहेड वापतको रकम थप गर्नु पर्ने अवस्था देखिदैन । यसरी आवश्यक नपर्ने ओभरहेड रकम थप गरी लागत अनुमान स्वीकृत गरी सोहि अनुसार थप व्ययभार पारेको रकम नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	५०,३५०

६३ **भुक्तानीको आधार नभएकोः**

कार्यालयले पिएसको भुक्तानी गर्दा भुक्तानी गर्नु पर्ने रकमको लागी काम गर्न कार्यालयले निर्देशन दिएको हुनुपर्ने तथा सो खर्च गरेको प्रमाणका आधारमा भुक्तानी गर्नु पर्दछ । कार्यालयले ठेक्का नं. २०८०।८१-०१ (ज्यामिरे गैरा रातो छहरा सेतीवेणी सडक) को बि.ओ.क्यूमा पिएस वापत रु. १,००,०००.०० राखिएको र सो को भुक्तानी गर्दा निर्माण व्यवसायीले विद्युत पोल सारेको भनी बिल पेस गरेको पाईयो । विद्युत पोल सार्दा विद्युत प्राधिकरणलाई विद्युत सटडाउन गर्न अनुरोध गरि सो सटडाउन गरेवापत प्राधिकरणले छुट्टै चार्ज लिने व्यवस्था रहेकोमा सो अनुरोध गरेको र सटडाउन चार्ज लिएको प्रमाण समेत राखेको पाईएन । विद्युत पोल सारेको भनी भएको भुक्तानीको विद्युत प्राधिकरणलाई सटडाउन चार्ज वापत भएको भुक्तानी सहितको प्रमाण पेस हुनु पर्ने अन्यथा भुक्तानीको आधार बिना भएको पिएसको भुक्तानी असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	१,००,०००

६४ **गेडिखोला आलेपुल निर्माणः**

गेडिखोला आलेपुल निर्माण कार्यको लागि उपभोक्ता समिति सँग सम्झौता गरी निर्माण सम्पन्न भएको छ । यस सम्बन्धि देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्।

६४.१ **व्यवस्थापकिय खर्चः** निर्माण कार्यको अनुगमन, निरीक्षण तथा निर्माण कार्यको व्यवस्थापन गर्न गाउँपालिका कार्यालयको जनशक्तिको योग्यता र क्षमता पर्याप्त रहेमा बाह्य पक्षबाट सो कार्य गराउनु हुँदैन । कार्यालयमा विद्यमान ईन्जिनियर सहितका प्राविधिकहरू रहेको अवस्थामा पनि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्नका लागि वातावरणिय संरक्षण नेपाल नामक गैर सरकारी संस्थासँग सम्झौता गरेको पाइयो । कार्यालयको भन्दा सो संस्थासँग रहेका जनशक्तिको योग्यता र क्षमता अधिक र अपरिहार्य रहेको भनि संलग्न तथ्यबाट खुल्दैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(८) बमोजिम सार्वजनिक निकायले उपभोक्ता समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा आवश्यक प्राविधिक जनशक्ति नियुक्त गर्दा भुक्तानी

गरिने पारिश्रमिक लागत अनुमानको तीन प्रतिशतभन्दा बढी हुने छैन भन्ने प्रावधान विपरीत झोलुङ्गे पुलको प्रत्यक्ष लागतको ३ प्रतिशत प्राविधिक शुल्क तथा ३ प्रतिशत सामाजिक परिचालन र व्यवस्थापकीय कार्य गरे वापत कुल ६ प्रतिशत भुक्तानी दिने प्रावधानबमोजिम गेडी खोला आलेपुल पुलको रेखदेख र व्यवस्थापन गरेको भनि भौ.नं. ६७८/२०८१-३-२४ बाट व्यवस्थापकीय लगायत सेवा शुल्क रु. १,७७,०८५.०९ भुक्तानी दिएको पाइयो । कार्यालयमा रहेका जनशक्ति आफैले गर्न सक्ने कार्यमा बाह्य पक्षबाट कार्य गराउने परिपाटी बन्द गर्नुका साथै खरिद नियमावलीको ९७(८) को सीमा तीन प्रतिशतभन्दा बढी हुने गरी शुल्क तोक्नेलाई जिम्मेवार बनाउनुपर्दछ । संस्थाले सामाजिक कार्य अन्तर्गत गाउँपालिकामा मासिक प्रगति प्रतिवेदन उपलब्ध गराउने, पुल संरक्षकलाई नियमित मर्मत सम्बन्धी तालिम दिने साथै व्यवस्थापकीय कार्य अन्तर्गत एक प्राविधिक र एक सामाजिक परिचालक नियुक्त गरी ती कर्मचारीसँग सम्झौता गरेको र पारिश्रमिक उपलब्ध गराएको तथा ती कर्मचारीहरूबाट भएका कार्यको विवरण पेश गर्नुपर्ने लगायतका कार्यको पुष्टयाई बेगर नै सामाजिक परिचालन र व्यवस्थापकीय कार्यका लागि भुक्तानी गरेको रु. १,७७,०८५.०९ नियमित नभएको रु.

अनियमित भएको	१,७७,०८५

६४.२ **उपभोक्ता समितिलाई बढी भुक्तानीः** निर्माण कार्यको भुक्तानी गर्दा निर्माण भएको कामको वास्तविक नापी अनुसार नापी किताबमा चढाईएको परिमाण अनुसारको रकम भुक्तानी गर्नु पर्दछ । साथै उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा उपभोक्ताको योगदानको रकम कट्टि गरेर मात्र बाँकी रकम भुक्तानीगर्नु पर्दछ । कार्यालयले यस गेडीखोला आलेपुल निर्मण उपभोक्ता समितिलाई पुल निर्माण वापतको भुक्तानी गर्दा रु. २७४५४.३५ उपभोक्ताको योगदान कट्टि गरि बाँकी रकम मात्र भुक्तानी गर्नु पर्नेमा सो समेत जोडी भौ.नं. ४१/२०८१।०३।२४ मा रु. १३४५२६३.०९ उपभोक्ता समितिलाई भुक्तानी भएको देखियो । उपभोक्ताको योगदान बापतको रकम कट्टि गरि बाँकी रकम मात्र भुक्तानी गर्नु पर्नेमा सो समेत समावेस गरी भुक्तानी भएको हुदा बढि भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	२७,४५४

संपरीक्षणबाट थप भएको बेरुजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ को दफा २७ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा रहेको जिन्सी मालसामान प्राप्त भएको ७ दिनभित्र जिन्सी खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं, मिति ७२।०८०।०५।२९ मा रु. ८८१६८ भुक्तानी गरी कार्यालयमा आवश्यक पर्ने सामाग्रीहरु जस्तै पेन ड्राइभर,ल्यापटप चार्जर र अन्य स्टेशनरी लगायतका सामानहरुको खरिद गरेकोमा रु. ७००६० बराबरको विद्युतीय सामग्रीहरुको मात्रै दाखिला गरेको र रु. १८१०८ पर्ने अन्य सामग्रीको दाखिला गरेको नपाइएकोले दाखिला नभएको सामग्रीहरु दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.	१८,१०८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पैयूं गाउँपालिका, पर्बत , पैयूं गाउँपालिका , पर्वत

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राजिव रिमाल	२०८०-६-२४	२०८१-५-६
कार्यालय प्रमुख	Jiban Gaihre	२०८१-५-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	सरिता डुम्रे	२०८०-११-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	सरोज कुमार पराजुली	२०७५-१-५	२०८०-११-११

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,३७१,९२१	८,७५४,१८०	११,३६०,४८८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२१,४८६,५८९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१०,०८५,३८१
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१८,१०८
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,४१९,३१६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२२५६६२१५.०८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३२१४२४०४९.२१	चालु खर्च	२६३०७५९३३
प्रदेश सरकारबाट अनुदान	१७३३४५६२.७५	पूँजीगत खर्च	९१८७९०१२.५४
राजश्व बाँडफाँट	७२७०७७.०	वित्तीय/अन्य व्यवस्था	११७२९४३४५.४५
आन्तरिक आय	३४९१५६१.२५		
अन्य आय	११९७५९७५३.२६		
कुल आय	४६२७३७००३.४७	कुल खर्च	४७२२४९२९०.९९
बाँकी मौज्दात		१३०५३९२७.५६	

बेरूजु दफा ४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८०/८१अवधि : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)				
क्र.सं./आर्थिक सङ्केत	विवरण	चालु आ.व.को कारोबार		गत आ.व.को कारोबार
		नगद	जम्मा	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति			
११०००	कर	५,७७,१५,९७३.२०	५,७७,१५,९७३.२०	५,७०,५८,२६९.३७
१३०००	अनुदान	२८,३०,८३,८९४.०२	२८,३०,८३,८९४.०२	३२,८७,४०,३९८.१७
१४०००	अन्यराजस्व	१९,७०,०४०.५६	१९,७०,०४०.५६	३७,९४,०५६.१२
१५०००	विविधप्राप्ति	८६,१८२.००	८६,१८२.००	१,८७,९५१.००
क	**कुलजम्मा प्राप्ति**	३४,२८,५६,०८९.७८	३४,२८,५६,०८९.७८	३८,९७,८०,६७४.६६
३	चालु	२६,३०,७५,९३३.००	२६,३०,७५,९३३.००	२६,१६,९४,६३२.१५
२१०००	पारिश्रमिक / सुविधा	१८,२२,५५,८२०.००	१८,२२,५५,८२०.००	१९,०६,१४,६८८.६२
२२०००	मालसामानतथा सेवाको उपयोग	७,७१,९३,३८७.००	७,७१,९३,३८७.००	५,१४,३२,९५१.५३
२५०००	सहायता (Subsidy)	०	०	४८,१६,८०३.००
२७०००	सामाजिकसुरक्षा	१७,६०,६२६.००	१७,६०,६२६.००	१,३२,४४,६८९.००
२८०००	अन्यखर्च	१८,६६,१००.००	१८,६६,१००.००	१५,८५,५००.००
४	पूंजीगत	९,१८,७९,०१२.५४	९,१८,७९,०१२.५४	१६,३२,९४,७११.७१
३१११०	भवनतथा संरचना	८६,६०,५२४.००	८६,६०,५२४.००	२,९७,०६,७५१.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	५३,२२,३९९.००	५३,२२,३९९.००	८८,०१,५८०.००
३११३०	अन्यपूँजीगत खर्च	३०,६३,४८१.००	३०,६३,४८१.००	४५,१६,१०१.००
३११५०	सार्वजनिकनिर्माण	७,३९,३२,६०८.५४	७,३९,३२,६०८.५४	११,८१,७१,४२०.७१
३११६०	निर्मितसरचनाकोसुधार खर्च	०	०	११,०४,६०७.००
३११७०	पूँजीगतसुधार खर्च	९,००,०००.००	९,००,०००.००	९,९४,२५२.००
ख)	**कुलजम्मा भुक्तानी**	३५,४९,५४,९४५.५४	३५,४९,५४,९४५.५४	४२,४९,८९,३४३.८६
ग)	**बचत /कमी (ग = क-ख)**	(१,२०,९८,८५५.७६)	(१,२०,९८,८५५.७६)	(३,५२,०८,६६९.२०)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	२५,८६,५६८.२४	२५,८६,५६८.२४	२७,३२,६५३.००
घ.१)	**कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी**			(१,३२,८०८.८०)

ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	(९५,१२,२८७.५२)	(९५,१२,२८७.५२)	(३,२४,७६,०१६.२०)
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**	२,२५,६६,२१५.०८	२,२५,६६,२१५.०८	५,५०,४२,२३१.२८
छ)	**विनिमयनाफा/घाटा तथा अन्य समायोजन**			
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	१,३०,५३,९२७.५६	१,३०,५३,९२७.५६	२,२५,६६,२१५.०८

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।